**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)**

**आ.व. २०७९/८० को**

***वार्षिक प्रगति प्रतिवेदन***

## १.परिचय

### १.१. पृष्ठभूमिः-

वि.सं. २००७ साल चैत्र २० गतेदेखि निरन्तर रेडियो प्रसारण सेवा सञ्चालन गर्दै आइरहेको नेपालको पहिलो प्रसारण संस्था रेडियो नेपाल, बि.सं. २०४१ साल अघि तत्कालिन सञ्चार मन्त्रालय अन्तरर्गतको प्रसार विभाग र ततपश्चात विकास समिति ऐन २०१३ अनुसार सूचना तथा सञ्चार मन्त्रालय अन्तरर्गतको रेडियो प्रसार सेवा विकास समितिमा परिणत भई हाल "राष्ट्रिय रेडियो राष्ट्रको सञ्चार" को रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ । रेडियो नेपाल जुनसुकै अवस्था र स्वरूपमा रहेता पनि राज्यले अवलम्बन गरेका नीति, कार्यक्रम र जनसरोकारका बिषय लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका गतिविधिलाई समेटी रेडियो र अनलाइन प्रसारण सेवा मार्फत आमजनसमुदाय समक्ष पुगी जनताको बौद्धिक, राजनैतिक, धार्मिक, सांस्कृतिक र आर्थिक स्तर वृद्धि गर्न प्रसारणका माध्यमबाट सहयोग पुर्याउँदै आएको छ । राज्यले अंगिकार गरेको संघीय र समावेशी अवधारणा अनुरुपका कार्यक्रमलाई अगाडि बढाउनुको साथै वाक स्वतन्त्रता र सूचनाको हक अधिकारलाई समेत सम्मान गर्दै सोहि अनुसारका नीति, गतिविधिलाई समेटिएका कार्यक्रमहरूलाई मिडियम वेभ र एफएम प्रणाली मार्फत ९२ प्रतिशत जनता माझ तथा अनलाइन मार्फत संसारभर २४ सै घण्टा सञ्चालन गरी २१ भाषामा समाचार र २० भाषामा कार्यक्रम प्रसार गर्दै आइरहेको छ ।

**१.२ निकायको स्वरूप र प्रकृतिः-** विद्युतिय सञ्चार माध्यमको रूपमा सञ्चालित रेडियो नेपाल विकास समिति ऐन २०१३ को दफा ३ को अधिकार प्रयोग गरी रेडियो प्रसार सेवा विकास समिति गठन आदेश ऐन २०४१ बमोजिम २०४१ भाद्रमा विकास समितिमा परिणत भएको हो । हाल नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मातहतमा सञ्चालन हुँदै आएको छ । यसको केन्द्रीय कार्यालय र स्टुडियो सिंहदरवार परिसर काठमाण्डौमा अवस्थित रहेको छ। सातवटै प्रदेशमा प्रदेश प्रसारण कार्यालय र देशका विभिन्न भागमा प्रसारण केन्द्र र एफएम रिले केन्द्र ३२ स्थानमा सञ्चालित छन। कोशी प्रदेशको विराटनगरमा तारणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम यसै आर्थिक वर्ष देखि सञ्चालनमा आएको छ।

रेडियो नेपालले उपलब्ध प्रविधिको प्रयोग गरी जनतालाई सरल र सहज हुने किसिमले आफ्नो प्रसारणलाई विस्तार गर्दै लगेको छ ।हाल रेडियो नेपालको प्रसारण प्रविधि र क्षमता यस प्रकार रहेको छ ।

**MW 320 KW And FM 36.9 KW**

(क) News Portal: www.onlineradionepal.gov.np (Online Streaming from Central Office Singhadarbar and 7 Provincial Broadcasting Station of Radio Nepal separately during provincial hours.)

(ख) Mobile Apps: radionepal (both in Android and IOS System)

(ग) Website: www.radionepal.gov.np

**क. मिडियम वेभ र एफएम प्रसारणहरूको विवरण**

| क्र.सं. | प्रादेशिक प्रसारण कार्यालय तथा प्रसारण केन्द्र | फ्रिक्वेन्सी मिडियम वेभ तथा एफएम | क्षमता |
|---|---|---|---|
| १. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय धनकुटा प्रदेश नं. १ | स्टुडियो मात्र | ८ च्यानल |
| २. | रेडियो नेपाल प्रसारण केन्द्र धरान, सुनसरी प्रदेश नं. १ | ६४८ किलोहर्ज | १०० किलो वाट (हाल स्थगित) |
| ३. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दिवास, मधेश प्रदेश | ११४३ किलोहर्ज र १०३ मेघाहर्ज | १० किलो वाट एफएम २ किलोवाट |
| ४. | रेडियो नेपाल प्रसारण केन्द्र भैसेपाटी ललितपुर, बागमती प्रदेश | ७९२ किलोहर्ज | १०० किलोवाट |
| ५. | रेडियो नेपाल प्रसारण केन्द्र खुमलटार ललितपुर, बागमती प्रदेश | १०० मेघाहर्ज | एफएम ३ किलोवाट |
| ६. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय पोखरा, गण्डकी प्रदेश | ६८४ किलोहर्ज/ १०० मेघाहर्ज | १०० किलोवाट एफएफ १ कि.वाट |
| | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दाङ, लुम्बिनी प्रदेश | ९८ मेघाहर्ज | एफएफ १ कि.वाट |
| ७. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय सुर्खेत, कर्णाली प्रदेश | ५७६ किलोहर्ज १०३ मेघाहर्ज | १०० किलो वाट, एफएम ५०० वाट |
| ८. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दिपायल, सुदूरपश्चिम प्रदेश | ८१० किलोहर्ज | १० किलो वाट |

**एफएम ९८, १०० र १०३ मेगाहर्जमा देशका ३२ वटा विभिन्न स्थानमा सञ्चालित रिले प्रसारण केन्द्रहरू:-**

| क्र.सं. | एफ.एम. रिले केन्द्र र स्थान | फ्रिक्वेन्सी | क्षमता | प्रदेश |
|---|---|---|---|---|
| १. | भेडेटार, धनकुटा | १०० मेगाहर्ज | 5 KW | कोशी प्रदेश |
| २. | पत्ताले डाँडा, सोलुखुम्बु | ९८ मेगाहर्ज | 2 KW | |
| ३. | आइतबारे इलाम | १०३ मेगाहर्ज | 500 W | |
| ४. | सिलौटे डाडा, पाँचथर | ९८ मेगाहर्ज | 2 KW | |
| ५. | जितपुर, बारा | १०३ मेगाहर्ज | 1 KW | मधेस प्रदेश |
| ६. | बर्दिवास, महोत्तरी | १०३ मेगाहर्ज | 2 KW | |
| ७. | सिमभन्ज्याङ, मकवानपुर | १०० मेगाहर्ज | 2 KW | बागमती प्रदेश |
| ८. | काठमाण्डौ, एफएम खुमलटार, ललितपुर | १०० मेगाहर्ज | 3 KW | |
| ९. | बिविसी रिलेस्टेशन खुमलटार, ललितपुर | १०३ मेगाहर्ज | 1 KW | |
| १०. | चरिकोट, दोलखा | १०० मेगाहर्ज | 500W | |
| ११. | दाउन्ने, पश्चिम नवलपरासी | १०३ मेगाहर्ज | 2 KW | गण्डकी प्रदेश |
| १२. | जोमसोम, मुस्ताङ | १०० मेगाहर्ज | 100 W | |
| १३. | बन्दिपुर , तनहुँ | १०० मेगाहर्ज | 1 KW | |
| १४. | पोखरा, कास्की | १०० मेगाहर्ज | 1 KW | |
| १५. | दुर्लुङ्गकोट, पर्वत | १०० मेगाहर्ज | 500W | |
| १६. | रेसुङ्गा गुल्मी | १०० मेगाहर्ज | 2 KW | लुम्बिनी प्रदेश |
| १७. | सातदोवाटे ,रोल्पा | १०३ मेगाहर्ज | 1 KW | |
| १८. | हेमन्तपुर ,दाङ | ९८ मेगाहर्ज | 2KW | |
| १९. | चौपाटा, दाङ | १०० मेगाहर्ज | 500W | |
| २०. | सिमीकोट ,हुम्ला | १०० मेगाहर्ज | 300 W | कर्णाली प्रदेश |
| २१. | खलङ्गा ,जुम्ला | १०३ मेगाहर्ज | 300 W | |
| २२. | मान्मा, कालिकोट | १०० मेगाहर्ज | 300 W | |
| २३. | मुर्माटप ,मुगु | १०० मेगाहर्ज | 300 W | |
| २४. | जुफाल, डोल्पा | १०३ मेगाहर्ज | 500 W | |
| २५. | हर्रे, सुर्खेत | १०० मेगाहर्ज | 2 KW | |
| २६. | बिरेन्द्रनगर, सुर्खेत | १०३ मेगाहर्ज | 300 W | |
| २७. | बुढितोला, कैलाली | १०३ मेगाहर्ज | 1 KW | सुदुर पश्चिम प्रदेश |
| २८. | खोड्पे, बैतडी | ९८ मेगाहर्ज | 1 KW | |
| २९ | छापरी, दार्चुला | ९८ मेगाहर्ज | 500 W | |
| ३० | हेमन्तवडा ,बझाङ | १०३ मेगाहर्ज | 500 W | |
| ३१ | उडितोला, डोटी | १०० मेगाहर्ज | 500 W | |
| ३२ | दिपायल, डोटी | १०३ मेगाहर्ज | 300 W | |

रेडियो नेपालबाट प्रसारण हुने सूचना सन्देश समाचार र कार्यक्रमहरू


| क्र.सं. | विवरण | भाषाहरू |
|---|---|---|
| १. | समाचार | नेपाली, अंग्रेजी, हिन्दी, संस्कृत, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेलीथारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, रानाथारू र मगही |
| २. | कार्यक्रम | वालबाटिका, युवा, महिला, जेष्ठ नागरिक, समानता, लगायतका कार्यक्रम नेपाली भाषामा र हिन्दी, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेली थारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, रानाथारू र मगही, भाषामा उत्पादन तथा प्रसारण हुदै आएको । |
| ३. | गीत संगीत | नेपाली, अंग्रेजी, संस्कृत, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेलीथारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, रानाथारू र मगही भाषाका गीतहरू प्रसारण भैरहेको। |
| ४. | विषेश कार्यक्रम तथा प्रत्यक्ष प्रसारण | चाडपर्व, राष्ट्रिय उत्सव-महोत्सव, दिवस, संसद गतिविधी र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका घटनाक्रममा विशेष कार्यक्रम तथा प्रत्यक्ष प्रसारण गरिदै आएको । |

## १.३ निकायको काम, कर्तव्य र अधिकारः-

- राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधिहरूको ब्यापक जानकारी दिन र राष्ट्र तथा जनताको आर्थिक, बौद्धिक तथा सामाजिक उत्थानमा सघाउ पुर्याउनका लागि सर्टवेभ, मिडियमवेभ तथा एफ.एम. र अनलाइन प्रविधिको माध्यमबाट प्रसारण सेवा सञ्चालन गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभुत गरिएको नेपाली जनताको अभिब्यक्तिका स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, एवं कलात्मक पक्षहरूको जगेर्ना, सम्बर्द्धन गर्न सघाउ पुर्याउने।
- देशका विभिन्न क्षेत्रका जातजाती, भाषा, वर्ग र सम्प्रदायवीच भावनात्मक एकता अभिवृद्धि गर्ने खालका गतिविधिहरूलाई जनतामाझ पुर्याउने सामग्री उत्पादन एवं प्रसारण गर्ने।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सूचना, समाचारहरूका साथै शैक्षिक, सूचनामूलक, विकासमूलक, जनचेतनामूलक र मनोरन्जनमूलक सामग्री रेडियो नेपालका केन्द्रिय प्रसारण केन्द्र साथै प्रादेशिक प्रसारण केन्द्र र एफ.एम.रिले केन्द्रमार्फत आमजनतामा पुर्याउने।
- राष्ट्रिय एकता र समग्र विकासका लागि विश्वसनीय, गुणस्तरीय, अग्रणी, राष्ट्रिय प्रसारण माध्यमको रूपमा क्रियाशील रेडियो नेपाललाई "राष्ट्रिय रेडियो राष्ट्रको सञ्चार" को रूपमा विकास गर्न देहायका कार्यहरू संचालन गर्ने।
- मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशिकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने सामग्री प्रसार गर्ने।
- परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाईहरू विचको सम्बन्ध स्थापित गर्दै स्थानिय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने कार्यक्रम तथा समाचारहरू प्रसार गर्ने।
- कला, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गर्ने सामग्री प्रसारण गर्ने।

- श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णतामा आधारित सामाजिक, सांस्कृतिक मुल्यहरूको विकास गर्ने खालका कार्यक्रमहरूलाई बढावा दिने।
- सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सदभाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्न अभिप्रेरित हुने खालका विषयलाई रेडियो नेपालले आफ्नो प्रसारणमा समावेश गर्ने।
- सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतका अधिकतक परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न सघाउ पुर्याउने सामग्री प्रसार गर्ने।

## १.४ सङ्गठन संरचना



**दरबन्दी तेरिजः-**

| क्र.सं. | महाशाखा/प्रादेशिक प्रसारण केन्द्र/ट्रान्समिटिङ स्टेशन | जम्मा दरबन्दी | प्रदेश |
|---|---|---|---|
| १. | प्रशासन महाशाखा | १४५ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| २. | ईन्जिनियरिङ महाशाखा | ५४ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ३. | व्यापार महाशाखा | १३ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ४. | समाचार महाशाखा | ४९ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ५. | कार्यक्रम महाशाखा | ६० | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ६. | आर्थिक महाशाखा | १६ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ७. | रेडियो नेपाल प्रसारण केन्द्र भैंसेपाटी, ललितपुर | १९ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ८. | रेडियो नेपाल प्रसारण केन्द्र खुमलटार, ललितपुर | २५ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ९. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय वर्दिवास महोत्तरी | २४ | मधेस प्रदेश |
| १०. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय पोखरा कास्की | ३९ | गण्डकी प्रदेश |
| ११. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय सुर्खेत | ३३ | कर्णाली प्रदेश |
| १२. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दिपायल, डोटी | २४ | सुदूर पश्चिम प्रदेश |
| १३. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय धनकुटा | ३५ | कोशी प्रदेश |
| १४. | धरान ट्रान्समिटिङ स्टेसन | २२ | |
| १५. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर | ० | |
| १६. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दाङ | ० | लुम्बिनी प्रदेश |
| | **जम्माः** | **५५८** | |

उल्लेखित मध्ये स्थायी कर्मचारीः ३४९ जना तथा हाल समितिमा करार, सिफ्ट वेसिस, मासिक ज्यालादारी, दैनिक ज्यालादारी र सुरक्षा गार्डसहितः १९० जना कार्यरत छन्। हाल रिक्त स्थायी दरवन्दीः २०९ (रिक्त दरवन्दी मध्ये खुल्ला, कार्यसम्पादन मूल्याङ्कन र आन्तरीक प्रतियोगिताबाट विभिन्न सेवा र तहमा ९० जना पदपूर्ति हुने क्रममा रहेको)

## १.५ निकायवाट प्रदान गरिने सेवाहरू (महाशाखा/शाखागत कार्य विभाजन)

**इन्जियरिङ्ग महाशाखाः**

**इन्जियरिङ्ग प्रसारण**

- प्रसारण महाशाखाको जिम्मेवारी बहन गरी कार्य गर्ने, गराउन निर्देशन दिने ।
- दैनिक प्रसारण तथा ईन्जिनियरिङ्ग पक्षसँग सम्बन्धित समितिको अन्य दैनिक कार्य निर्वाध संचालनको व्यवस्था मिलाउने।
- महाशाखा अन्तरगत हुने गतिविधिहरुमा समन्वय गर्ने र सम्बन्धित क्षेत्रको कार्य संचालनमा समस्या आउन नदिने तर्फ क्रियाशील रहने ।
- समितिको प्रसारण कार्यका लागि देशभर जडान भएका प्राविधिक उपकरणहरुलाई दुरुस्त राख्न नियमित मर्मत सम्भार कार्य ।
- केन्द्रीय र क्षेत्रीय प्रसारण केन्द्रहरुमा उत्पन्न हूने ईन्जिनियरिङ्ग तर्फका समस्याहरुको समाधान गर्ने, गराउने ।
- समय समयमा मूलूकमा हूने राष्ट्रिय महत्वका अवसरहरुको प्रत्यक्ष प्रसारणको व्यवस्था ट्रान्समिटिङ्ग स्टेशनहरूसँग समेत समन्वय गर्ने ।

- उपर्यूक्त कार्य प्रभावकारी रुपमा संचालन गर्न महाशाखा अन्तरगतका सम्पुर्ण कर्मचारीहरुलाई के कस्तो काम दिने/काममा लगाउने सम्बन्धी व्यवस्था गर्ने गराउने ।
- समितिको विभिन्न स्थानमा रहेका एएम तथा एफएम प्रसारण प्रणालीको समय सापेक्ष व्यवस्थापन, सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- समितिको विद्यमान प्रसारण प्रणालीमा कुनै खराबी देखा परेमा सो को समाधानका लागि आवश्यक समन्वय गर्ने/ गराउने ।
- समितिले अवलम्वन गने नयां प्रविधिको प्रसारण प्रणाली एवं STL Link का लागि आवश्यक समन्वय गर्ने/गराउने ।
- समिति मातहतका प्रादेशिक प्रसारण कार्यालय, प्रसारण केन्द्र तथा एफएम रिलेकेन्द्रहरूमा रहेका प्रसारण उपकरणहरू के कस्तो अवस्थामा छन् सो को निरिक्षण गरी आवश्यक रहेमा सोको लिष्ट तयार गर्ने वा सम्बन्धित प्रसारण केन्द्रलाई तयार गर्न लगाउने र सो को आवश्यक व्यवस्थापन गर्ने/गराउने ।
- समितिको प्रसारण प्रणालीमा विस्तार गर्न वा मर्मत सुधारको उदेश्य लिई समितिको नियमानूसार खरिद प्रकृयाबाट भित्रिएका नयाँ उपकरण एवं जगेडा पार्ट पूर्जाहरुको आवश्यक परिक्षण गर्ने/गराउने ।
- समितिमा भित्रिएका आफ्नो मातहतमा पर्ने सामानहरु समितिको मापदण्ड बमोजिम पाइएमा स्टोर दाखिलाको लागि आवश्यक प्रकृया मिलाउन सिफारिश गर्ने/गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**इन्जियरिङ्ग उत्पादन/तालिमः**

- समितिको सबै उत्पादनसँग सम्बन्धित सबै प्रकारको उपकरणहरुको सुदृढीकरण, संरक्षण तथा मर्मत सम्भारको अनुगमन गर्ने तथा स्वीकृत योजना/कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।
- प्रसारण, योजना विकास र विस्तार महाशाखाहरुसंग समन्वय गर्ने ।
- महाशाखा अन्तर्गत हुने गतिविधिहरुमा समन्वय गर्ने र सम्बन्धित क्षेत्रको कार्य संचालनमा समस्या आउन नदिनेतर्फ क्रियाशील रहने ।
- चारै सभा प्रमूखहरु (प्राविधिक) सँग समन्वय गरी सबै सभाका प्राविधिक कर्मचारीहरुलाई आवश्यकता अनुसारको काममा लगाउने ।
- चारै सभाको रेडियो प्रसारणको मनिटरिङ्ग गर्ने, व्यवस्था गर्ने तथा गर्न लगाउने । प्रसारणमा अवरोध आएमा तत्काल इन्जिनियरिङ्ग प्रसारण महाशाखासँग समन्वय गरी समाधान गर्ने तथा स्टुडियो भवन हाताभित्र रहेको भौतिक साधनहरुको मर्मत सम्भार, र संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- उपर्युक्त कार्य प्रभावकारी रुपमा संचालन गर्न महाशाखा अन्तरगतका सम्पुर्ण कर्मचारीहरुलाई के कस्तो काम दिने,काममा लगाउने सम्बन्धी व्यवस्था गर्ने गराउने ।
- स्वदेशी तथा विदेशी तालीम, सेमिनार आदिमा कर्मचारीको मनोनयन सम्बन्धी कारवाही चलाउने र निर्णय अनुसार कार्यान्वयन गर्ने/गराउने ।
- शाखा, महाशाखा तथा प्रादेशिक प्रसारण कार्यालय, प्रसारण केन्द्रहरूमा रहेका जनशक्तिहरूको विषयगत सीप अभिवृद्धिका लागि कार्य योजना बनाई तालिम तालिका तय गरी स्वीकृत गराई तालिम सञ्चालनको व्यवस्था मिलाउने ।
- समितिका कर्मचारी/पदाधिकारीहरूको क्षमता विकास सम्बन्धि उच्च शिक्षा अध्ययन वा तालिममा सहभागि हुने विषयमा व्यवस्थापन समक्ष प्रकृया सहित राय उपलब्ध गराउने ।
- रेडियो प्रसारण तथा प्रसारण पत्रकारिताका विविध विषयमा खोज अध्ययन सोध, प्रवर्धनात्मक तथा अवलोकन भ्रमण सम्बन्धि कार्यलाई प्रक्रियामा लैजाने ।

- वैदेशिक भ्रमणको सिफारिश तथा मनोनयनका आधार तथा प्रक्रियाहरूका सम्बन्धमा समितिको कर्मचारी सेवा शर्त नियमावली/निर्देशिकाहरूमा भएको व्यवस्था सहित व्यवस्थापनलाई राय उपलब्ध गराउने ।
- समितिलाई हरेक आ.व.मा आवश्यक पर्ने विषयगत आन्तरिक तथा वैदेशिक तालिमहरूको योजना निर्माण गर्ने ।
- रेडियो नेपाल र अन्तराष्ट्रिय संघ संस्था र निकायसँग बीचको दुई पक्षीय सम्बन्धमा रेडियो नेपालको प्रतिनिधित्व गर्ने विषय तथा वार्ता, सभा, सम्मेलन वा बैठकमा भागलिने विषयमा व्यवस्थापनलाई राय/ परामर्श उपलब्ध गराउने ।
- समितिलाई आवश्यक पर्ने प्राविधिक तथा अन्य समाचार/ कार्यक्रम/प्रसाशन/लेखा/व्यापार सम्बन्धी आवश्यक तालिम/ गोष्ठी/अन्तरक्रियाका सम्बन्धमा अन्तरक्रिया गरी हरेक वर्ष समितिको वार्षिक बजेट प्रस्ताब हुनु अघि सबै प्रादेशिक कार्यालय/प्रसारण केन्द्र र हरेक महाशाखाहरूसँग समन्वय गरी वार्षिक तालिम कार्य योजना व्यवस्थापन समक्ष पेश गर्ने ।
- रेडियो नेपालका जनशक्तीहरूलाई समय सापेक्ष नयाँ प्रविधि सम्बन्धी तालिमका लागि अन्तराष्ट्रिय संघ संस्थाहरूसँग समन्वय गरी तालिममा सहभागिता हुने व्यवस्थापन मिलाउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**इन्जियरिङ्ग योजना, विकास तथा विस्तारः**

- रेडियो नेपाललाई आवश्यक अल्पकालीन तथा दीर्घकालीन योजनाहरु प्रस्ताव गरी समयानुकुल रुपमा सिफारिश गर्ने।
- समितिको सबै प्रकारको उपकरणहरुको सुदृढिकरण, संरक्षण तथा मर्मत सम्भारको अनुगमन गर्ने र स्वीकृत योजना/कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।
- विभिन्न निकायहरुबाट माग भई आएको योजना/कार्य योजनाहरुको प्रस्ताव तयार गर्ने ।
- शाखा/महाशाखाबाट प्राप्त विकास, विस्तार योजनाहरु अध्ययन गरी वार्षिक कार्य योजनाको खाका तयार गर्ने र सिफारिश गर्ने ।
- योजना, विकास र विस्तार सम्बन्धी योजना र कार्यक्रम कार्यान्वयनका लागि नायव कार्यकारी निर्देशक समक्ष पेश गर्ने।
- फ्रिक्वेन्सी सम्बन्धी कारवाही गर्ने, गर्न निर्देशन दिने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।
- बार्षिक/अर्धबार्षिक/त्रैमासिक/मासिक प्रगति प्रतिवेदन तयार पार्ने र समिक्षा गर्ने।

**कार्यक्रम महाशाखा**

- महाशाखाको दैनिक कार्यलाई चूस्त, दूरुस्त, छिटो छरितो बनाउँदै महाशाखा अन्तर्गतका शाखाहरबाट सम्पादन हुने कार्यहरुको निरिक्षण, अनुगमन र मूल्याङ्कन गर्ने र आवश्यक निर्देशन प्रदान गर्ने तथा कार्यक्रम प्रसारण कार्यलाई व्यवस्थित गर्ने ।
- कार्यक्रमहरुलाई समय सापेक्ष ढंगले परिमार्जन गर्दै जनचासोका विषयवस्तुहरूमा आधारित कार्यक्रमहरु निर्माण गर्ने तर्फ योजना गर्ने, गराउने ।
- व्यापार महाशाखासँग समन्वय गरी महाशाखाबाट उत्पादित कार्यक्रमहरुलाई प्रायोजन गराउने तर्फ पहल गर्ने एवं प्रायोजकको माग अनुसारका कार्यक्रमहरु निर्माण गर्ने, गराउने ।
- ईन्जिनियरिङ्ग तथा समाचार महाशाखासँग समन्वय र सहकार्यको अवधारणा लिई कार्यक्रमहरुलाई रोचक, रुचीकर तथा प्राविधिक दृष्टिकोणबाट समेत अब्बल बनाउन आवश्यक पहल गर्ने ।
- कार्यक्रमको सुधार, जनशक्ति परिचालन, तालिम प्रशिक्षण आदिका सम्बन्धमा योजना निर्माण गर्ने ।

- वाह्य संस्थाबाट प्राप्त कार्यक्रमहरुको स्तरियता रेडियो कार्यक्रमको मापदण्ड बमोजिम भए नभएको अनुगमन गर्ने र नभएमा सो अनुरुप बनाउन सम्बन्धित संस्थाहरुसँग समन्वय गर्ने ।
- महाशाखाबाट गरिने विभिन्न क्रियाकलापहरुको मासिक, वार्षिक क्यालेण्डर  निर्माण गर्ने, गराउने ।
- मातहतका शाखाका कर्मचारीहरुलाई आआफ्नो काम प्रति अनुशासित, लगनशील एवं उत्तरदायि बन्न अभिप्रेरित गर्ने।
- काम प्रति लगनशील र अनूशासित कर्मचारीहरुलाई प्रोत्साहित गर्न पुरस्कार प्रदान गर्न तथा काम प्रति अनुत्तरदायि रहने, उदासिनता र अमर्यादित व्यवहार प्रदर्शन गर्ने कर्मचारीलाई नियमानूसार दण्ड सजाय गर्नू पर्ने भएमा कारवाहीका लागि सिफारिश गर्ने ।
- मातहतका शाखाबाट पेश गरिने सम्पुर्ण कागजातहरु आवश्यक प्रक्रिया सहित महाशाखा मार्फत पेश गर्ने, गराउने।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**समाचार महाशाखा**

- प्रादेशिक प्रसारण कार्यालयहरुको अनुगमन एवं सुपरिवेक्षण कार्य गर्ने र ती केन्द्रहरुको समाचार तथा समाचार मूलक कार्यक्रमहरु समयानुकुल हुने गरी उत्पादन/प्रसारण गर्न निर्देशन दिने ।
- समाचार तथा समाचारमूलक कार्यक्रमहरुलाई समय सापेक्ष ढंगले वढि खोजमूलक रुचिकर एवं प्रतिस्पर्धात्मक वनाउन आवश्यक निति एवं योजना तयार गर्न लगाउने र त्यसको मुल्याङ्कन तथा सुपरिवेक्षण गर्ने ।
- प्रसारित समाचारहरुको प्रभावकारीता मुल्याङ्कन गरी आवश्यक परेमा परिमार्जन गर्न आवश्यक निर्देशन दिने ।
- समाचार र समाचारसँग सम्वन्धित कार्यक्रमहरुको स्तर अभिवृद्धिका लागि रणनितिक योजना निर्माण गर्ने ।
- विद्यमान प्रसारण निर्देशिका अनुरुप समाचार निर्माण तथा प्रसारणका लागि निर्देशन दिने ।
- समाचार र समाचारमूलक कार्यक्रलाई वर्तमान परिप्रेक्षेमा वढि समसामयिक, खोजमूलक, रुचिकर एवं प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने तथा कार्यान्वयन गराउने ।
- रेडियो नेपालबाट प्रसारण हुने समाचार तथा समाचारमूलक एवं सूचनामूलक कार्यक्रमहरुको सुधार र विकासको लागि अल्पकालीन र दिर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**ब्यापार महाशाखाः**

- समितिको व्यापार अभिवृद्धिका लागि आवश्यक नीति, रणनीति र योजना तर्जुमा गर्ने र गर्न लगाउने ।
- वार्षिक लक्ष्य निर्धारण गर्न लगाउने र सो अनुसार कार्य प्रगति भए नभएको अनुगमन गरी कार्यकारी निर्देशक समक्ष विवरण पेश गर्ने ।
- विज्ञापनदाताहरुको राय, सुझाव वा माग वमोजिमका कार्यक्रमहरु निर्माण गर्नु परेको अवस्थामा समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- व्यापार अभिवृद्धिका लागि विज्ञापनदाताहरुसँग परामर्श, छलफल गर्ने तथा सम्बन्ध विस्तारका लागि आवश्यक पहल गर्ने ।
- मातहतका शाखा महाशाखाको कार्यक्षेत्र, जिम्मेवारी, प्रभावकारीता, जनशक्ति व्यवस्थापन र अधिकार प्रत्यायोजन आदि विषयमा समय समयमा निरिक्षण, अनुगमन, अध्ययन र अनुसन्धान गरी प्राप्त निष्कर्षको आधारमा ती क्षेत्रमा सुधार गर्ने।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**आर्थिक महाशाखाः**

- समितिको बैंक खाताहरु संचालन गर्ने, महाशाखा अन्तरगतका शाखाहरुबाट सम्पादित कार्यहरुको समन्वय, रेखदेख, निर्देशन, अनूगमन एवं मूल्याङ्कन गरी चूस्त अनुशासित व्यवस्थापन प्रणालीको अवलम्वन गर्ने/ गराउने ।

- सबै महाशाखा, शाखाका साथै प्रादेशिक प्रसारण कार्यालय र केन्द्रहरुसंग समन्वय गरी आर्थिक प्रशासनको कार्यलाई दूरुस्त प्रभावकारी र व्यवस्थित गर्ने/गर्न लगाउने ।
- समितिको वार्षिक वजेट निमार्ण गर्ने तथा त्यस्को कार्यान्वयन गर्ने गराउने ।
- समितिको खाता रहेको वैंकहरुको वैंक खाता Reconciliation गर्ने र खाताहरु संचालन प्रक्रियाका लागि आवश्यक व्यवस्था गर्ने ।
- समितिको सम्पुर्ण आर्थिक कारोवारको आवश्यक व्यवस्थापन, सिफारिस तथा राय उपलव्ध गराउने र आर्थिक कार्य संचालनको व्यवस्था मिलाउने ।
- समितिको लेखा परिक्षण (आन्तरिक तथा बाह्य) समयमै गराउने व्यवस्था गर्ने, वेरुजू फछ्र्यौट गर्ने/ गराउने ।
- समितिसंग व्यापारिक कारोवार गरेका र गर्ने सरकारी कार्यालय, संघ, संस्था, विज्ञापन एजेन्सी आदि सवैबाट असूल उपर गर्नु पर्ने रकम समयमै असूल गर्ने/गराउने ।
- प्रत्येक ३/३ महिनामा समितिको आय व्यय विवरण तयार पार्ने ।
- विभिन्न कार्यालय, संस्था, विज्ञापन एजेन्सीसँग भएको आर्थिक कारोवारको विवरण दुरुस्त र पारदर्शि राख्ने/राख्न लगाउने।
- भूक्तानि प्राप्त भई असूल भएको रकम समितिको नाममा रहेका वैंकहरुमा नियमानुसार यथाशिघ्र दाखिला गर्ने व्यवस्था गराउने एवं त्यसको अनुगमन गर्ने ।
- समितिको आर्थिक कारोवार प्रक्रियालाई स्वच्छ, पारदर्शी, सुव्यवस्थित र मर्यादित बनाउने कार्यलाई विशेष प्राथमिकता दिई कार्यान्वयनका लागि निर्देशन दिने र त्यसको अनुगमन गर्ने ।
- समितिको आर्थिक नियमावलीले निर्देशन गरेका आर्थिक नियम र प्रचलित ऐन नियमको पालना गर्ने/गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**प्रशासन महाशाखाः**

- समितिको केन्द्रीय एवं प्रादेशिक प्रसारण कार्यालय र केन्द्रहरुको जनशक्ति निर्धारण गर्ने, उपयूक्त जनशक्ति विकासको लागि आवश्यक दरबन्दी विवरण तयार गर्ने तथा नपुग जनशक्ति विवरण तयार गरी औचित्य सहित स्वीकृतिका लागि प्रकृया अघि बढाउन पेश गर्ने, ।
- समितिको केन्द्रीय तथा प्रादेशिक प्रसारण कार्यालय र केन्द्रहरुका विभिन्न गतिविधि अनुगमन गर्ने एवं प्रसारण र जनशक्ति विकास सम्बन्धमा आवश्यक सुधार गर्नका लागि पेश गर्ने ।
- समितिको नियमानूसार सरुवा, बढुवा, पुरस्कार तथा विभागिय कारवाहीका लागि नियमानुसार प्रकृया अवलम्बन गर्ने।
- समितिका कर्मचारीको तर्फबाट व्यवस्थापन समक्ष परेका उजूरीमाथि आवश्यक छानबीन गर्ने/गराउने तथा सो को प्रतिवेदन पेश गर्ने ।
- समितिको केन्द्रीय वा अन्तर्गतका कार्यालयहरुमा कार्यरत सवै कर्मचारीहरुको व्यक्तिगत विवरण एवं दरबन्दी अभिलेख अद्यावधिक राख्ने/राख्न लगाउने ।
- समितिको भौतिक साधनहरुको समय समयमा सम्पति निरिक्षण गराई अद्यावधिक राख्ने तथा सवारी साधनहरु मितव्ययी ढंगबाट संचालन गर्न लगाउने व्यवस्था मिलाउने ।
- पदपुर्ति समितिको सचिवलाय सम्बन्धी कार्यहरु गर्ने/गर्न लगाउने ।
- स्वदेशी तथा विदेशी तालीम, सेमिनार आदिमा कर्मचारीको मनोनयन सम्बन्धी कारवाही चलाउने र निर्णय अनुसार कार्यान्वयन गर्ने/गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**प्रादेशिक प्रसारण कार्यालयः**

- कार्यालयको दैनिक प्रशासनिक, आर्थिक कार्य लगायत प्रसारण, कार्यक्रम उत्पादन र समाचार सम्बन्धी सबै कार्यहरु सुचारु गर्ने, गराउने ।
- मातहतका कर्मचारीहरुबाट सम्पादित कार्यहरुको समन्वय, रेखदेख, निर्देशन, अनुगमन एवं मुल्याङ्कन गरी चुस्त अनुशासित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने, गराउने ।
- केन्द्रीय कार्यालय, महाशाखाहरुका साथै अन्य प्रादेशिक प्रसारण कार्यालय र प्रादेशिक प्रसारण केन्द्रहरुसँग समन्वय गरी आफ्नो कार्यालयको सबै कार्यलाई दुरुस्त, प्रभावकारी र व्यवस्थित गर्ने, गराउने ।
- आफ्नो कार्यालयको वार्षिक बजेट निर्माण गर्ने र केन्द्रबाट स्वीकृती लिई त्यसको कार्यान्वयन गर्ने, गराउने ।
- कार्यक्रम तथा समाचार उत्पादन प्रसारण कार्यलाई समय सापेक्ष एवं व्यवसायिक बनाउन आवश्यक रणनीति निर्माण गरी तत् विषयमा केन्द्रसँग परामर्श गर्ने ।
- प्रत्येक ३/३ महिनामा कार्यालयको आय व्ययका साथै प्रशासनिक एवं कार्यक्रम तथा समाचार उत्पादन प्रसारण सम्बन्धी विवरण तयार पारी कार्यकारी निर्देशक र प्रादेशिक प्रसारण कार्यालय हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशक समक्ष पेश गर्ने ।
- आफ्नो काम कुशलतापूर्वक सम्पन्न गरेका मातहतका कर्मचारीलाई प्रोत्साहित गर्ने तथा जिम्मेवारी बहन नगर्ने र अनुशासनहिन काम गर्ने कर्मचारीलाई रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली २०५७ (संशोधन सहित) बमोजिम कारवाही गर्ने ।
- कार्यालयसँग व्यापारीक कारोबार गरेका र गर्ने सरकारी कार्यालय, संघ संस्था, विज्ञापन एजेन्सी आदि सबैबाट असुल उपर गर्नु पर्ने रकम समयमै असुल गर्ने, गराउने ।
- विभिन्न कार्यालय, संस्था, विज्ञापन एजेन्सीसँग भएको आर्थिक कारोबारको विवरण दुरुस्त र पारदर्शी राख्ने, राख्न लगाउने।
- भुक्तानी प्राप्त भई असुल भएको रकम कार्यालयको नाममा रहेका बैंकहरुमा नियमानुसार तत्काल दाखिला गर्ने व्यवस्था गराउने एवं त्यसको अनुगमन गर्ने ।
- समितिको आर्थिक नियमावलीले निर्देशित गरेका आर्थिक नियमहरु र प्रचलित ऐन नियमको पालना गर्ने, गराउने ।
- कार्यकारी निर्देशक र प्रादेशिक प्रसारण कार्यालय हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशकको निर्देशन पालना गर्ने, गराउने ।
- केन्द्रीय कार्यालयबाट समय समयमा निर्देश भएका सम्बन्धीत अन्य कार्यहरू गर्ने गराउने ।

**प्रसारण केन्द्रः**

- कार्यालयको दैनिक प्रशासनिक, आर्थिक कार्य लगायत प्रसारण, सम्बन्धी सबै कार्यहरु सुचारु गर्ने, गराउने ।
- मातहतका कर्मचारीहरुबाट सम्पादित कार्यहरुको समन्वय, रेखदेख, निर्देशन, अनुगमन एवं मुल्याङ्कन गरी चुस्त अनुशासित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने, गराउने ।
- केन्द्रीय कार्यालय, महाशाखाहरुका साथै अन्य प्रादेशिक प्रसारण केन्द्रहरुसँग समन्वय गरी आफ्नो कार्यालयको सबै कार्यलाई दुरुस्त, प्रभावकारी र व्यवस्थित गर्ने, गराउने ।
- आफ्नो कार्यालयको वार्षिक बजेट निर्माण गर्ने र केन्द्रबाट स्वीकृती लिई त्यसको कार्यान्वयन गर्ने, गराउने ।
- प्रत्येक ३/३ महिनामा कार्यालयको आय व्ययका साथै प्रशासनिक एवं प्रसारण सम्बन्धी विवरण तयार पारी कार्यकारी निर्देशक र प्रादेशिक प्रसारण केन्द्र हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशक समक्ष पेश गर्ने ।
- आफ्नो काम कुशलतापूर्वक सम्पन्न गरेका मातहतका कर्मचारीलाई प्रोत्साहित गर्ने तथा जिम्मेवारी बहन नगर्ने र अनुशासनहिन काम गर्ने कर्मचारीलाई रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली २०५७ (संशोधन सहित) बमोजिम कारवाही गर्ने ।
- समितिको आर्थिक नियमावलीले निर्देशित गरेका आर्थिक नियमहरु र प्रचलित ऐन नियमको पालना गर्ने, गराउने ।
- कार्यकारी निर्देशक र प्रादेशिक प्रसारण केन्द्र हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशकको निर्देशन पालना गर्ने, गराउने ।

## १.६ नागरिक वडापत्र

### १. कार्यक्रम महाशाखा (सम्पर्क फोनः- ४२११५८२)

**(क) कार्यक्रम तर्फ**

- आफूले प्राप्त गरेको ज्ञानमा आधारित रहेर कुनै रचना नाटक रेडियो नेपाल मार्फत प्रसार गराउन निवन्ध, कविता इच्छुक स्रष्टाले त्यस्तो सामग्री कागजको एकापट्टि मात्र हस्तलिखित वा कम्प्युटर टाइप गरेर कार्यक्रम महाशाखामा पेश गर्नुपर्नेछ।
- उपलब्ध सामग्री प्रसार गर्ने नगर्ने, काँटछाँट र सम्पादन गर्ने सम्पूर्ण अधिकार रेडियो नेपालसँग सुरक्षित रहनेछ।
- प्राप्त सामग्री ३० दिनसम्म प्रसार नभएमा स्वतः अस्वीकृत भएको मान्नुपर्नेछ। अस्वीकृत रचना फिर्ता गरिने छैन।
- सेवाग्राहीले आफ्नो इच्छाले प्रसारणका लागि उपलब्ध गराएको सामग्रीको पारिश्रमिक प्रदान गर्ने, नगर्ने सम्पूर्ण अधिकार रेडियो नेपालमा निहित रहनेछ तर रेडियो नेपालले अनुरोध गरी प्राप्त गरेको लेख, रचना, कथा, कविता, निवन्ध र नाटकको पारिश्रमिक कार्यक्रम महाशाखाले नियमानुसार उपलब्ध गराउनेछ। साथै पारिश्रमिक प्रदान गरिएको अवस्थामा करार पत्रमा उल्लेख शर्त लागू हुनेछ।
- कार्यक्रम संचालन गर्न चाहने नयाँ संचालकका हकमा रेडियो नेपालले लिने स्वर परीक्षा उत्तीर्ण गर्नुपर्नेछ तर स्वर परीक्षा उत्तीर्ण गर्ने सबैलाई कार्यक्रम संचालन गर्न दिन रेडियो नेपाल बाध्य हुनेछैन।
- कार्यक्रमसँग सम्बन्धित थप विषयको जानकारी चाहियमा कार्यक्रम महाशाखासँग सम्पर्क राख्न सकिनेछ।
- रेडियो नेपालबाट प्रसारित कार्यक्रमहरू रेडियो नेपालको वेबसाइट radionepal.gov.np बाट डाउनलोड गरेर पनि सुन्न सकिने छ। न्यूज पोर्टल onlineradionepal.gov.np साथै radionepal App, Facebook live मार्फत पनि सुन्न सकिने छ।

**(ख) संगीत तर्फ (सम्पर्क फोनः- ४२११८५०)**

**स्वर परीक्षा तथा गीत रेकर्डिङ सम्बन्धमा**

- रेडियो नेपालले गीत सङ्गीतको विभिन्न विधामा वर्षको एकपटक स्वर परीक्षा संचालन गर्न सक्नेछ।
- स्वर परीक्षा दिन चाहनेले आवेदन फारम मार्फत रू. ५००/- र परीक्षा दस्तुर बापत रू. २५/- शुल्क बुझाउनु पर्नेछ ।
- स्वर परीक्षामा उत्तीर्ण हुनेलाई गीत रेकर्ड गराउने सुविधा उपलब्ध गराउन रेडियो नेपाल बाध्य हुनेछैन।
- रेडियो नेपालले आफ्नो आवश्यकता अनुरूप समय समयमा विभिन्न खाले नेपाली गीत सङ्गीत र भजनहरू रेकर्ड गराउन सक्नेछ।

**कलाकार सिफारिस पत्र सम्बन्धमाः**

- रेडियो नेपालबाहिर रेकर्ड गरिएका साङ्गीतिक रचनाहरू रेडियो नेपालबाट प्रसारण गर्नका लागि सम्बन्धित स्रष्टाले दुई प्रति सी. डी. सहित आवेदन दिई टेप लाइब्रेरीमा दर्ता गराउनु पर्नेछ ।
- गायक/गायिका, गीतकार, सङ्गीतकारले कुनै पनि विधामा सिफारिस पत्र लिनको लागि निजले गाएको, रचना गरेको र सङ्गीत गरेको कम्तिमा १०/१० वटा गीत रेडियो नेपालको टेप लाइब्रेरीमा दर्ता भएको हुनुपर्नेछ र १ भन्दा बढी विधामा एउटै व्यक्तिले सिफारिस लिन चाहेमा प्रत्येक विधामा १० वटा गीत हुनुपर्नेछ। गीत दर्ता गरेको मितिले ३५ दिन पछि मात्र सिफारिसका लागि निवेदन गर्नुपर्नेछ।
- सिफारिस पत्र माग गर्दा निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको एकप्रति फोटो पेश गर्नुपर्नेछ।

- आवेदन फारम बापत रू. ५०/- र सिफारिस पत्र बापत रू. २५००/- सहित रू. २५५०/- (पच्चिस सय पचास) शुल्क लाग्नेछ ।
- गायक/गायिका, गीतकार, सङ्गीतकारको नागरिकतामा उल्लेख भएको भन्दा फरक नाम भएमा दुवै नाम भएको व्यक्ति एकै हो भनि सम्बन्धित कार्यालयबाट प्रमाणित गरेको कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- कलाकारले लिएको सिफारिस पत्र कुनै कारणले पुनः लिन चाहेमा पूर्ववत् शुल्क रू. २५५०/- (पच्चिस सय पचास) नै लाग्ने छ ।
- शास्त्रीय सङ्गीतको गायन तथा सुरवादनको हकमा भने शास्त्रीय सङ्गीतको ५ वटा कार्यक्रममा संलग्न भएको हुनुपर्ने र वाद्यवादकको हकमा रेडियो नेपालमै रेकर्ड भएका २५ वटा गीतमा बाजा बजाएको सङ्गीत शाखाबाट प्रमाणित भई आएमा मात्र सिफारिस पत्र उपलब्ध गराइनेछ।
- रेडियो नेपालबाट लिइने गीत सङ्गीत तर्फको स्वर परीक्षा वर्षमा एकपटक संचालन गरिनेछ साथै यसका लागि आवश्यक सूचना प्रसारण/प्रकाशन गरिनेछ ।

**<u>कलाकार श्रेणी वृद्धि सम्बन्धमाः</u>**

- समय समयमा गरिने गीत सङ्गीतको कलाकार तर्फको श्रेणी वृद्धिका हकमा श्रेणी वृद्धि गराउन इच्छुक कलाकारले रेडियो नेपालले निर्धारण गरेको मापदण्ड पार गरेको हुनुपर्नेछ।
- श्रेणी वृद्धि गर्ने नगर्ने भन्ने निर्णय रेडियो नेपालमा निर्भर रहनेछ र श्रेणी वृद्धि सम्बन्धी कार्य वर्षमा एक पटक मात्र हुनेछ।
- रेडियो नेपालले समय समयमा सङ्गीत प्रशिक्षण संचालन गर्नेछ। सङ्गीत प्रशिक्षणबारे सङ्गीत शाखाबाट जानकारी लिन सकिनेछ।
- सङ्गीतको विषयमा थप जानकारी चाहिएमा उप निर्देशक रमेश पौडेल र मुख्य संगीत संयोजक मनराजा नकर्मीसँग सम्पर्क राख्न सकिनेछ।

**२. प्रशासन तर्फः**

- रेडियो नेपाल अवलोकन गर्न आउने विभिन्न संघ/संस्था/विद्यालय/क्याम्पस आदिको लागि २५ जना सम्मको समूहलाई रू. १५००/- र सो भन्दा वढी ५० जना सम्मको समूहलाई रू. १०००/- अवलोकन शुल्क लाग्नेछ ।
- रेडियो नेपालका विभिन्न शाखा/महाशाखा अन्तर्गत रही Internship गर्न आउने विद्यार्थीहरूका लागि ३ महिना सम्मका लागि प्रति विद्यार्थी रू. २०००/- Internship शुल्क लाग्नेछ। ३ महिना भन्दा बढी अवधि ६ महिना सम्मका लागि प्रति विद्यार्थी रू. ४०००/- Internship शुल्क लाग्ने छ।

**३. समाचार महाशाखा (सम्पर्क फोनः- ४२११६४९)**

- रेडियो नेपालबाट प्रसारित समाचारहरू रेडियो नेपालको वेबसाइटबाट डाउनलोड गरेर पनि सुन्न सकिने छ।
- कुनै संघ संस्थाले सार्वजनिक महत्वका आफ्ना गतिविधि समाचारका रूपमा रेडियो नेपालबाट प्रसारण गराउन चाहेमा रेडियो नेपालको समाचार महाशाखा वा समाचारमूलक शाखामा सम्पर्क राख्नुपर्नेछ । त्यसका लागि (रिपोर्टिङ) समाचार महाशाखाको फोन नं. ०१-४२११६४९ वा रिपोर्टिङ शाखाको फोन नं. ०१-४२११६९१ वा ईमेल radionepalnews@gmail.com वा news@radionepal.gov.np मार्फत सम्पर्क गर्न सकिनेछ। वा फ्याक्स मार्फत पनि पठाउन सकिनेछ।
- यसरी प्राप्त भएका संघ संस्थाका गतिविधिको आवश्यकता, सान्दर्भिकता र महत्वका आधारमा समाचार बनाउने वा नवनाउने भन्ने अधिकार रेडियो नेपालमा निहित रहनेछ ।

- यदि कसैलाई कुनै पनि सार्वजनिक र राष्ट्रिय महत्वका विषयमा आफ्नो धारणा रेकर्ड गर्नुपर्ने आवश्यकता महसुस भएमा रिपोर्टिङ्ग शाखामा सम्पर्क राख्नु पर्नेछ।

**४. व्यापार महाशाखा (सम्पर्क फोनः- ४२११८९६/४२११९२१)**

- आफ्नो उत्पादनहरूको जानकारी वा सूचना विज्ञापन मार्फत गराउन चाहने जो कोहीले रेडियो नेपालले निर्धारण गरेका विज्ञापन दररेट विज्ञापन नीति/व्यापार निर्देशिकाको अधिनमा रही त्यस्तो कार्य गर्न गराउन सक्नेछ ।
- विज्ञापन दररेट विज्ञापन नीति व्यापार निर्देशिका सम्बन्धी जानकारी व्यापार महाशाखामा सम्पर्क राखेर वा रेडियो नेपालको वेबसाइटमा हेर्न सकिनेछ।
- १६ वर्षभन्दा कम उमेरका बालबालिका र ६० बर्षभन्दा माथिका वृद्ध वृद्धाका साथै मानसिक स्थिति सन्तुलित नभएका असहाय, असक्त र अनाथ मानिसहरू हराएको सूचना निःशुल्क प्रसार गरिनेछ ।
- उल्लेखित अवस्था बाहेकका हकमा मानिस हराएको सूचना प्रसार गर्दा एक पटकमा रू. ४००/- प्रसारण शुल्क बुझाउनु पर्नेछ।
- व्यापार महाशाखाका बारेमा थप जानकारी चाहिएमा उप निर्देशक श्री पुष्कर बरालसँग सम्पर्क राख्न सकिनेछ।

**अन्यः**

- उल्लेखित विभिन्न शीर्षकमा रेडियो नेपाललाई बुझाउनुपर्ने शुल्कहरू आय शाखामा बुझाई रसिद प्राप्त गर्न सकिनेछ।
- रेडियो नेपालले लेख, रचना, गीत, सङ्गीत आदि बापत करार पत्र मार्फत प्रदान गर्ने रकमको भुक्तानी लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ।
- रेडियो नेपाल सम्बन्धी जनगुनासो सम्बन्धमा उपनिर्देशक श्री बद्रिविशाल तन्डुकारसँग सम्पर्क राख्न सकिनेछ।
- रेडियो नेपालका प्रादेशिक प्रसारण कार्यालय वा प्रसारण केन्द्रको हकमा सम्बन्धीत कार्यालय प्रमुखसँग सम्पर्क राख्न सकिनेछ।
- रेडियो नेपालको बारेमा सुझाव गुनासो वा प्रतिक्रिया दिनुपरेमा पैसा लाग्ने टेलिफोन नं. ४२११९२१ मा सम्पर्क राख्न सकिनेछ ।

**अन्य सम्पर्क फोनः**

कार्यकारी निर्देशक, सचिवालय- ४२११९१०

फ्याक्सः-०१४२११९५२

इमेलः rne@radionepal.gov.np

प्रबक्ता एवं सूचना अधिकारीः- निर्देशक, पुष्कर राज गौतम्

सम्पर्कः ०१-४२११८०५ (**कार्यालय**) ९७६११३९८८२ (मोबाइल)

इमेलः info@radionepal.gov.np

गुनासो सुन्ने अधिकारीः- उपनिर्देशक, बद्रि विशाल तण्डुकार

सम्पर्कः नं. ९८४१२९८११५ (मोबाइल)

Website: www.radionepal.gov.np

**रेडियो नेपालको फ्रिक्वेन्सीः**

मिडियम वेभः ६४८ धरान/ धनकुटा ७९२ काठमाडौं, ११४३ बर्दिबास, ६८४ पोखरा, ५७६ सुर्खेत र दिपायल ८१० किलोहर्जमा  त्यसैगरी एफएम, ९८ मेघाहर्जमा दार्चुला, र दाङ एफ.एम., पत्तालेडाडाँ सोलुखुम्बु, सिलौटे डाडा पाचथर, १०० मेघाहर्जमा इलाम, रेसुङ्गा, चौपट्टा दाङ, दाउन्ने, पोखरा, दुर्लुङकोट पर्वत, सिमभन्ज्याङ, जितपुर बारा, काठमाडौ, उडितोला डोटी, सुर्खेत, खोड्पे बैतडी, मान्मा, मुगु, जुम्ला, हुम्ला, जोमसोम, चमेरे, चरिकोट दोलखा, १०३ मेगाहर्जमा सातदोवाटे ,रोल्पा जुफाल, डोल्पा, बिरेन्द्रनगर सुर्खेत, हेमन्तवडा बझाङ, दिपायल डोटी, र बुडितोला कैलालीबाट रेडियो नेपाल सुन्न सकिन्छ।

**१.७ सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्थाः-**

**ऐनको सूचिः-**

- **सूचनाको हक सम्बन्धी ऐन २०६४**
- रेडियो ऐन २०१४
- राष्ट्रिय प्रसारण ऐन २०४९
- श्रमजिवी पत्रकार ऐन २०५१
- सार्वजनिक खरीद ऐन २०६३
- विकास समिति ऐन २०१३
- आर्थिक कार्यविधि तथा  वित्तीय उत्तरदायित्व ऐन २०७६

**नियमावलीको सूचिः-**

- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावली २०७७
- रेडियो प्रसार सेवा विकास समिति आर्थिक नियमावली २०४९
- सूचनाको हक सम्बन्धी नियमावली २०६५
- राष्ट्रिय प्रसारण नियमावली २०५२ संसोधन सहित
- सार्वजनिक खरीद नियमावली २०६४
- भ्रमण खर्च नियमावली २०६८ संसोधन सहित
- आर्थिक कार्यविधि नियमावली २०६४
- श्रमजिवि पत्रकार सम्बन्धी नियमावली २०५३
- सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधी २०७९

**नीति, गठन आदेश तथा निर्देशिका सूची**

- रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ संशोधन सहित
- रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचार मापदण्ड २०७०
- रेडियो नेपाल संगीत प्रशिक्षण, सम्बर्धन तथा अध्ययन अनुसन्धान निर्देशिका २०७१
- करार सेवा शर्त तथा मापदण्ड सम्बन्धी, सिफ्ट वा बुलेटिन बेशिस र सेवा करार वा ज्यालादारीमा जनशक्ति नियुक्ति निर्देशिका २०७८
- रेडियो नेपाल बैदेशिक भ्रमण व्यवस्थापन आन्तरिक कार्यविधि २०७५
- व्यापार निर्देशिका २०७७

- राष्ट्रिय आमसञ्चार नीति २०७३
- रेडियो नेपाल प्रसारण निर्देशिका तथा शैली पुस्तक २०७९

**१.८ सूचनाको हक अनुसारको विवरण प्रकाशन गरेकोः** नियमित गरिदै आएको पछिल्लो अपडेट २०८०।०४।१५ गते गरेको।

## १.९ भावी योजना र कार्यक्रम

### १.९.१. <u>समितिले निर्धारण गरेको आ.व. २०८०/८१ को कार्य योजना</u>

१ प्रसारणलाई मुलुक भित्र र मुलुक बाहिर प्रष्टसंग सुनाउन मिडियम वेभ, एफ.एम. र डिजिटल प्रबिधि हाललाई डिजिटल प्लेटफर्म) प्रयोग गरिएको छ । नेपाल सरकारको नीति अनुरुप शतप्रतिशत भूभागमा रेडियो प्रसारणको पहुँच पुर्‍याउने क्रममा प्रसारण सेवा विस्तार अन्तर्गत यस आ.व. को पहिलो त्रैमासिकमा कर्णाली प्रदेशको पश्चिम रुकुममा, तेश्रो त्रैमासिक सम्ममा सुदूर पश्चिम प्रदेशको बाजुरामा र चौथो त्रैमासिक भित्र वाग्मती प्रदेशको सिन्धुलीमा र लुम्बिनी प्रदेशको पाल्पामा एफ.एम. रिले प्रसारण केन्द्र स्थापना गरिनेछ । यसैगरी डिजिटल प्लेटफर्मको तेश्रो त्रैमासिक भित्र समसामयीक स्तरोन्नति गरिनेछ ।

२ सार्वजनिक प्रसारण संस्थामा रुपान्तरण गर्न आवश्यक प्रशिक्षण/तालिम यसै आ.व.को दोश्रो त्रैमासिक सम्ममा र डिजिटल स्वीचओभर लगायत प्रसारण प्रविधि सम्बन्धी तालिम/कार्यशाला दोश्रो त्रैमासिक भित्र सञ्चालन गरिनेछ तथा पहिलो त्रैमासिक देखिनै सार्वजनिक प्रसारण सम्बन्धी विविध विषयमा समयसापेक्ष रेडियो कार्यक्रमहरु निर्माण गरी प्रसारण गरिनेछ ।

३ सञ्चारग्रामको उद्देश्य अनुरुपका क्रियाकलापहरु अन्तर्गत महानगर एफ.एम., ई-लाइब्रेरी, रेडियो संग्राहलय, प्रशिक्षण लगायतका क्रियाकलापहरु दोश्रो त्रैमासिक सम्ममा सञ्चालन गरिनेछ ।

४ OTT Platform मार्फत थप आय आर्जनका लागि बजारीकरणको व्यवस्था मिलाउन पहिलो त्रैमासिकसम्म नेपाल टेलिकमसंग **White Listing** का लागि आवश्यक सम्झौता गरिनेछ ।

५ रेडियो नेपालको सेवालाई सूचना प्रविधि मैत्री बनाउने उद्देश्य अनुरुप सेवा प्रवाह एवम् कार्यसम्पादनलाई छिटो, सरल, प्रभावकारी र पारदर्शी बनाउन समाचार/लेखा/प्रशासन/भण्डार/इन्जिनियरिङ्ग सेवालाई पहिलो त्रैमासिक देखिनै डिजिटल प्रविधिमा आधारित भई क्रमशः थप सुदृढ गरिनेछ ।

६ यसै आ.व. को दोश्रो त्रैमासिकसम्म पहिलो पटक र चौथो त्रैमासिक सम्म दोश्रो पटक सञ्चालन हुने कर्मचारीको कार्यदक्षता अभिबृद्धि सम्बन्धी फरक फरक प्रकृतिका तालिम/प्रशिक्षणमा आवश्यकता अनुसारका सेवा समूहका केन्द्रीय कार्यालय तथा प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्र/रिले एफ.एम. केन्द्रका कर्मचारीलाई सहभागी गराइनेछ ।

७ आम्दानीको श्रोत वृद्धि गर्न समयसापेक्ष व्यापार प्रर्बद्धन गर्ने उद्देश्यका साथ पहिलो त्रैमासिक भित्र दुई प्रदेशहरुमा र तेश्रो त्रैमासिक भित्र केन्द्रमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

८ प्रादेशिक प्रसारण कार्यालय लुम्बिनी प्रदेश दाङमा यस आ.व. को पहिलो त्रैमासिकमा स्टुडियो सहितको कार्यालय भवन निर्माणका लागि बोलपत्र आह्वान, दोश्रो त्रैमासिकमा सम्झौता र आ.व २०८०/८१ भित्र स्टुडियो सहितको कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

९ व्यवस्थित प्रसारण र सुरक्षित अभिलेखिकरणका लागी यस आ.व. को दोश्रो त्रैमासिक सम्ममा कन्टेन्ट डेलिभरी नेटवर्क विस्तार गरिनेछ ।

१० AM माध्यमद्वारा प्रसारण क्षमता शतप्रतिशत विस्तारको लागि डिजिटल प्रविधि सहितको सिमलकाष्ट प्रसारण हुने शर्टवेभ सञ्चालन गर्न नेपाल सरकारसँग यसै आ.व. मा आवश्यक वजेटको लागि प्रस्ताव गरिनेछ ।

११ विगत वर्षहरुमा जस्तै चालु आ.व. मा पनि बि.बि.सी. वर्लडको कार्यक्रम प्रसार गर्न प्रसारण केन्द्र खुमलटारमा रहेको रेडियो नेपालको एफ.एम. ट्रान्समिटर १०३ मेगाहर्ज सम्झौता मार्फत भाडामा लगाइनेछ ।

१२ प्रसारण सामग्रीलाई समावेशी चरित्र सहित लोकप्रिय र श्रोतामुखी बनाउन हरेक प्रदेशका २/२ स्थानहरुमा स्थलगत अन्तरक्रियामा आधारित Flagship कार्यक्रमहरु उत्पादन गरी यस आ.व.को दोश्रो त्रैमासिक देखि प्रसारण गरिनेछ ।

१३ नेपाल सरकारको नीति अनुरुप रेडियो नेपालको प्रसारण पहुँच वृद्धि दोश्रो त्रैमासिकसम्म प्रसारण लिङ्कको स्तरोन्नति तेश्रो त्रैमासिकसम्म र प्रादेशिक स्टुडियो सहितको भवन निर्माण चौथो त्रैमासिक भित्र सम्पन्न गरिनेछ ।

१४ सङ्गीत प्रशिक्षण तथा स्वर परीक्षा र गीत सङ्गीत प्रतियोगिता क्रमशः चालु आ.व. को पहिलो र तेश्रो त्रैमासिकमा तथा समाचार कार्यक्रमको प्रभावकारिता अध्ययन र रेडियो नेपालसँग सम्बन्धित पुस्तक प्रकाशन लगायतका कार्यहरु तेश्रो त्रैमासिक भित्र सम्पन्न गरिनेछ ।

१५ प्रसारणसँग सम्बन्धित विज्ञहरु एवम संगीतकर्मीसँग छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावका आधारमा पहिलो त्रैमासिक भित्र हाल प्रसारणमा रहेका कार्यक्रममा थप सुधार गरिनेछ । साथै यस आ.व. भित्र थप दुई भाषामा समाचार/कार्यक्रमलाई रेडियो नेपालको प्रसारणमा समावेश गरिनेछ ।

१६ गीत सङ्गीत रेकर्ड अन्तर्गत दोश्रो त्रैमासिक भित्र विभिन्न राष्ट्रिय भाषाका ३० तेश्रो त्रैमासिकमा स्वदेशगान १० र चौथो त्रैमासिकमा बाल गीत १० गरी जम्मा ५० वटा गीत रेकर्ड गरिनेछ ।

१७ हाल रेडियो नेपालले सञ्चालन गरिरहेका कार्यक्रमहरुका विषयवस्तुहरुसँग दोहोरो नपर्ने गरी समसामयीक र श्रोताका रुचीका विषयवस्तुहरु समावेश गरी नयाँ कार्यक्रमहरु उत्पादन गर्न यस आ.व. को पहिलो त्रैमासिक भित्र रेडियो नेपाल बाहिरका जनशक्तिलाई पनि कार्यक्रम सञ्चालन गर्न दिइने व्यवस्था मिलाइनेछ ।

१८ रेडियो नेपालबाट प्रसारित समाचार तथा कार्यक्रमको मूल्याङ्कन गर्न र श्रोता प्रतिकृया थाहा पाउन तेश्रो त्रैमासिक सम्ममा श्रोता सर्वेक्षण प्रतिवेदन तयार गरिनेछ ।

१९ आधुनिक नेपालको समावेशी आवाजको नारा बोकेको रेडियो नेपालले समावेशी चरित्र अनुरुप प्रसार सामग्रीहरु उत्पादन तथा प्रसारणमा सहजिकरण गर्न प्रदेश स्तरमा कार्यरत रेडियोकर्मीहरु, स्थानीय सम्वाददाता र सरोकारवालाहरुको लागि पहिलो त्रैमासिकमा स्थान छनौट तथा योजना तयार गरी तेश्रो त्रैमासिकमा समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारण सम्बन्धी डिजिटल प्रविधिमा आधारित तालिम सञ्चालन गरिनेछ ।

२० रेडियो नेपालको दरवन्दी संरचनालाई समयानुकूल बनाउन तथा हाल थप भएका रिले प्रसारण केन्द्रहरु तथा प्रादेशिक कार्यालयहरुमा दरवन्दी व्यवस्था गर्न प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यलाई यस आ.व. को पहिलो त्रैमासिक भित्र सम्पन्न गरिनेछ ।

२१ रेडियो नेपालमा कार्यरत कर्मचारीहरुको अभिलेख दीर्घकालसम्म चुस्त दुरुस्त राख्न कार्य प्रारम्भ भएको पि.आई.एस. प्रणालीको बाँकी काम यस आ.व. को दोश्रो त्रैमासिक सम्ममा सम्पन्न गरिनेछ । त्यसैगरी तेश्रो त्रैमासिक सम्ममा आर्थिक प्रशासन र भण्डार व्यवस्थापन सम्बन्धी सफ्टवेयर प्रणाली स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

२२ रेडियो नेपालको दैनिक कार्य सञ्चालनमा आवश्यक आर्थिक नियमावली २०४९, व्यापार निर्देशिका २०७७, लगायत मौजुदा निर्देशिका, मापदण्ड आदिलाई यस आ.व. को दोश्रो त्रैमासिक सम्ममा संशोधनको लागि सञ्चालक समितिमा पेश गरिनेछ तथा सञ्चालक समितिमा प्रस्तावित नियमावली, विनियमावली, निर्देशिका, मापदण्ड आदिलाई पहिलो त्रैमासिक सम्ममा टुङ्गोमा पुर्‍याइनेछ ।

२३ रेडियो नेपालको प्रसारणलाई प्रबर्द्धन गरी जनमानसमा लोकप्रिय र प्रभावकारी बनाउन यस आ.व. को पहिलो त्रैमासिक भित्र नीजि तथा गैर सरकारी संघ संस्थाहरुसंग आपसी सहमतिका आधारमा सम्झौता गरिनेछ ।

## २. प्रगति

### २.१ विगत पाँच आर्थिक वर्षको वित्तिय विवरण (विनियोजन र खर्च)

| आर्थिक वर्ष | वार्षिक विनियोजन | वार्षिक खर्च | कैफियत |
|---|---|---|---|
| २०७५/७६ | ५७,७२,५३,४००।- | ४०,३०,१२,२६६।६४ | |
| २०७६/७७ | ५७,२२,७१,४००।- | ४३,०४,३५,०३६।०९ | |
| २०७७/७८ | ५७,४७,९४,८००।- | ४७,३४,४८,६०४।७९ | |
| २०७८/७९ | ५४,१४,००,०००।- | ४४,१३,५५,७१४।७२ | |
| २०७९/८० | ६७,२२,३८,५३४।- | ५४३०७७६०५।- | |

### २.२ आ.ब. २०७९/८० को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

रू. हजारमा

| क्र.सं. | वार्षिक विनियोजन | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४१८८.३९ | ४१८८.३९- | शतप्रतिशत | | नेपाल सरकारबाट प्राप्त अनुदान |
| २. | २५३३.९९ | १२४२.३८ | ४९.०२ | | रेडियो नेपालको आन्तरिक विनियोजन |
| **कुल जम्मा** | **६७२२.३८** | **५४३०.७७** | **८०.७८%** | **२६%** | |

### २.३ आ.ब. २०७९/८० को मुख्य मुख्य कार्यक्रम र प्रगति

| क्र. सं. | कार्यक्रम | उपलब्धी/ प्रगति |
|---|---|---|
| १. | समावेशी प्रसारण | समावेशी प्रसारण अन्तर्गत विभिन्न भाषामा १६६६ वटा कार्यक्रम र ६५७० वटा समाचार उत्पादन गरी प्रसारण गरिएको र रेडियो नेपालबाट प्रसारित कार्यक्रम र समाचारहरूको समावेशिता सम्बन्धी प्रभावकारिता अध्ययन गरी प्रतिवेदन तयार भएको। |
| | | समावेशी कार्यक्रम, समाचारका विषय छनौट र समुदायको सहभागिता विषयक अन्तरक्रिया र समावेशी कार्यक्रमसमाचार/ उत्पादन तथा प्रसारणमा डिजिटल प्रविधिको प्रयोग सम्बन्धी तालिम कोशी र मधेश प्रदेशमा प्रसारण भै रहेको भाषाका समाचारवाचक एवं प्रादेशिक प्रसारणमा कार्यक्रम उत्पादनमा संलग्न जनशक्ति र रिपोर्टरहरूलाई प्रदान गरिएको |
| | | समावेशी प्रसार सामग्रीका उत्पादनका लागि आवश्यक उपकरणहरूको खरिद कार्य सम्पन्न भई वितरण गरिएको । |
| | | समावेशी कार्यक्रममा भाषा थप गर्ने मापदण्ड सम्बन्धी सिफारिस प्रतिवेदन २०७९ तयार भएको। |
| २. | | सञ्चारग्रामको उद्देश्य अनुरूपका कार्यक्रमहरू सञ्चालनका लागि विराटनगर महानगरपालिकासँग तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर स्थापना तथा |

| | | |
|---|---|---|
| | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम | सञ्चालन निर्देशिका २०७८ अनुसार MOU गरिए बमोजिम महानगर एफएम रेडियो सञ्चालन कार्यविधि सञ्चारग्राम सञ्चालक समितिबाट स्वीकृत भएको । |
| | | रेडियो म्युजियम सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार तयार भएको। (पुराना ऐतिहासिक रेडियो प्रसारणसँग सम्बन्धीत उपकरणहरू, बाद्य यन्त्र  र अन्य सामग्रीहरू सञ्चारग्राम विराटनगरमा व्यवस्थापन गरिएको) |
| | | रेडियो प्रसारणको इतिहास र तारिणीप्रसाद कोइरालाको जीवनीमा आधारित बृत्तचित्र र लघु पुस्तिका तयार भएको। |
| | | सञ्चारग्रामको उद्देश्य अनुरूपका कार्यक्रमहरू सञ्चालनका लागि विराटनगर महानगरपालिकासँग तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर स्थापना तथा सञ्चालन निर्देशिका २०७८ अनुसार MOU गरिए बमोजिम महानगर एफ.एम. रेडियो सञ्चालन कार्यविधि, सञ्चारग्राम सञ्चालक समितिबाट स्वीकृत भएको । |
| | | ई-लाइब्रेरी सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार तयार भएको। (टेवलहरू खरिद गरी नेटवर्किङ तथा कम्प्युटर सेटअप र सो सम्बन्धी तालिम समेत सम्पन्न गरिएको) |
| ३. | डिजिटल आर्काइभिङ्ग | रेडियो नेपालमा रहेका पुराना गीत संगीत, कार्यक्रम, नाटक, अन्तरवार्ता, लगायतका श्रव्य सामग्रीहरूलाई वजारीकरण गरी थप आय आर्जन गर्न र सबैको पहुँचमा पुर्याउने उद्देश्यले Radio Nepal Mobile App तयार गरी OTT Apps and Monetization Platform सञ्चालनमा ल्याइएको । |
| | | Digitization of Audio Content and Archive System स्थापना भए पश्चात आवश्यक A/C र Humidifier System खरिद भई जडान कार्य सम्पन्न भएर सञ्चालनमा आएको। |
| | | हालसम्म डिजिटाईजेसन र मेटाडाटा तयार भएका अडियो सामग्रीहरूलाई रेडियो नेपालको दैनिक प्रसारणमा प्रयोग गर्ने गरी व्यवस्थापन गरिएको। |
| ४. | सञ्चार तथा सूचना प्रविधि कार्यक्रम प्रसारण | सञ्चार तथा सूचना प्रविधि कार्यक्रम ५२ भाग उत्पादन गरी प्रसारण गरिएको। |
| ५. | मर्मत तथा सुधार | बाराको जितपुरमा रहेको एफ.एम. ट्रान्समिटर, धनकुटाको भेडेटार र इलाममा रहेको जेनेरेटर मर्मत सम्भार गरिएको। |
| ६. | बेरूजु फछ्र्यौट | समितिको नाममा रहेको बेरूजु फर्छ्यौट गर्ने क्रममा रू. २,८१,३६,०००।-बरावरको बेरूजु रकम सम्परिक्षणका लागि लेखी पठाइएकोमा १,५१,७६,०००।– (७.१७%) रकम बेरूजु फर्छ्यौट भएको। |
| ७. | प्रसारण विस्तार | रेडियो नेपालको प्रसारण पहुँच विस्तार अन्तर्गत कोशी प्रदेशको सिलौटे डाँडा, पाँचथर, गण्डकी प्रदेशको दुर्लुङकोट, पर्वत र लुम्बिनी प्रदेशको चौपट्टा, दाङमा नयाँ एफ.एम. रिले प्रसारण केन्द्र स्थापना गरी प्रसारण कार्य सुरू गरिएको। यी समेत जम्मा ३० वटा रिले एफ.एम. स्टेसनबाट प्रसारण सञ्चालन भई ९२ प्रतिशत जनसंख्यामा प्रसारण पहुँच पुगेको। |
| ८. | प्रसारण सेवा स्तरोन्नती | प्रसारण सेवा स्तरोन्नती अन्तर्गत कर्णाली प्रदेशको जुम्ला, कालिकोट, डोल्पा, सुर्खेत, सुदूरपश्चिम प्रदेशको बझाङ, दार्चुला र खोड्पे बैतडी, कोशी प्रदेशको इलाममा ट्रान्समिटरहरूको स्तरोन्नती एवं मर्मत सम्भार गरी प्रसारण सेवा सुदृढीकरण भई प्रसारण |

| | | |
|---|---|---|
| | | पहुँच प्रतिशत नियमीत रहेको । सुर्खेत प्रादेशिक प्रसारणको स्टुडियो Console नयाँ राखी थप सुदृढ गरिएको। |
| ९. | प्रसारण लिङ्क स्थापना (IP Connectivity) | प्रसारण लिङ्क स्थापना अन्तर्गत २१ स्थानमा IP Connectivity विस्तार (Optical Fiber समेत) का लागि नेपाल टेलिकमसँग सम्झौता भई कार्य भै रहेको साथै सोही कार्यका लागि १३ जोडी मिडिया कन्भटर खरिद भइ भैसेपाटी, खुमलटार, बर्दिबास र पोखरा प्रसारण केन्द्रमा जडान गरिएको। |
| १०. | DRM प्रविधि | डिजिटल प्रविधिको प्रसारणमा रूपान्तरणका लागि DRM प्रविधिको १०६ ८.MHz मा परिक्षण प्रसारण सुरू गरिएको। |
| ११. | विविध अन्य | पेन्सन कोष स्थापनाका लागि रा.वा. बैंकमा रकम जम्मा गरिएको र पेन्सन कोष सञ्चालन निर्देशिका स्वीकृतिका लागि सञ्चालक समितिमा पेश गरिएको। |
| | | समितिको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकाको मस्यौंदा सञ्चालक समितिमा पेश गरिएको। |
| | | समाचार तथा कार्यक्रमहरूमा एकरूपता ल्याउन र भाषिक सुद्धताका लागि रेडियो नेपाल प्रसारण निर्देशिका तथा शैली पुस्तक २०७९ प्रकाशन गरि लागू गरिएको । |
| | | रेडियो नेपाल कर्मचारी कल्याणकोष सम्बन्धी नियमावली संशोधनका लागि मस्यौदा तयार भएको। |
| | | करार, ज्यालादारी, बुलेटिन बेसीस जनशक्ति नियुक्ति सेवा सर्त सम्बन्धी मापदण्ड २०७८ सशोधन गरिएको। |
| | | रेडियो नेपाल र ABU वीच रेडियो नेपालका लागि Gender and diversity action plan 2023-2026 तयार गरी लागू गर्न ६ सदस्य सहितको कार्यदल गठन गरिएको। |
| | | मिति २०७९/०८/०९ देखि २०७९/०८/१५ गतेसम्म भारतको राजधानी नयाँ दिल्लीमा ५९ औं ABU General Assembly Associate Meetings मा रेडियो नेपालका कार्यकारी निर्देशक, इन्जिनियरिङ उत्पादन महाशाखा प्रमुख र तालिम प्रमुखको सहभागीता भएको। |
| | | AIBD को General Assembly and Associated Meeting कार्यशाला गोष्ठीका लागि भारतको नयाँ दिल्लीमा भाग लिन तथा अलइन्डिया रेडियोमा DRM प्रविधिको प्रसारणका बारेमा अध्ययन भ्रमण, समितिका कार्यकारी निर्देशक र नायव कार्यकारी निर्देशक (ई.) बाट सम्पन्न भएको । |
| | | यस समितिका उपनिर्देशक एवं ईन्जिनियरिङ्ग उत्पादन महाशाखा प्रमुख ई. उदयकृष्ण श्रेष्ठ द्वारा मलेसियाको क्वालालम्पुरमा २०२३ मार्च महिनामा ABU द्वारा आयोजित Digital Broadcasting Symposium मा सहभागीता भएको। |
| १२. | जिन्सी निरिक्षण | केन्द्रीय कार्यालय र प्रादेशिक प्रसारण कार्यालयमा रहेका चल/अचल सम्पतिहरूको जिन्सी निरिक्षण कार्य सम्पन्न गरी प्रतिवेदन प्राप्त भए बमोजिम मिन्हा हुने समानको मिन्हा भएको तथा लिलाम प्रक्रिया सम्पन्न गरिएको । |
| १३. | तालिम | रेडियो नेपालमा स्थायी नियुक्ति पाएका कर्मचारीहरूका लागि सेवा प्रवेश अभिमुखीकरण तालिम मिति २०७९/०८/१६ देखि २०७९/०८/२३ मा सम्पन्न भएको। सो तालिममा २९ जना कर्मचारीहरू सहभागीता रहेको। |

| | | |
|---|---|---|
| | | रेडियो नेपालमा कार्यरत कार्यक्रम र प्रसारणसँग सम्बन्धीत कर्मचारीहरूका लागि "Radio Program Production and Transmission Technology for Developing Countries" China Radio Television (CRTV) "China" ले संचालन गरेको ३ दिने Online तालिममा १८ जना कर्मचारीहरू सहभागी भएको । |
| | | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ र मिडिया कभरेज सम्बन्धी ३ दिने तालिम स्थानीय सम्बाददाता, समाचार र कार्यक्रमसँग सम्बन्धीत कर्मचारीहरूलाई २०७९ कार्तिक २२ देखि २४ गतेसम्म सम्पन्न गरिएको। |
| १४. | अन्तरक्रिया कार्यक्रम | विज्ञापन र कार्यक्रमदाता, विज्ञापन एजेन्सी तथा सरकारी एवम गैरसरकारी निकाय सम्मिलित अन्तरक्रिया कार्यक्रम गरिएको। |
| | | कानुन न्याय तथा संघिय मामिला मन्त्रालय र रेडियो नेपालद्वारा आयोजित साप्ताहिक रूपमा प्रसारण हुने "कानुनका कुरा" कार्यक्रमको प्रभावकारिता सम्बन्धी अन्तर्क्रिया/समिक्षा कार्यक्रम सम्पन्न गरिएको। |
| १५. | राष्ट्रव्यापी लोकगीत प्रतियोगिता | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवसको अवसरमा आयोग द्वारा आयोजित तथा रेडियो नेपालद्वारा सञ्चालित भ्रष्टाचार नियन्त्रण, सुशासन र सदाचार सम्बन्धी राष्ट्रव्यापी लोकगीत प्रतियोगिता सम्पन्न गरिएको। |
| १६. | श्रष्टा सम्मान कार्यक्रम | रेडियो नेपाल श्रष्टा सम्मान कार्यक्रम अन्तर्गत यस वर्षको श्रष्टा सम्मान स्वरूप २ जनालाई जननी ५१ हजार रकम र ताम्रपत्र प्रदान गरिएको। |
| १७. | दीर्घ सेवा पदक र स्टेसन सम्मान | रेडियो नेपालको ७३ औ बार्षिक उत्सवको उपलक्ष्यमा उत्कृष्ट कर्मचारी, रिपोर्टर र रेडियो स्टेसन सम्मान प्रदान गरिएको । |
| | | रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) दीर्घ सेवा पदक तथा पुरस्कार वितरण कार्य विधि २०७९ सम्बन्धी मापदण्ड स्वीकृत भएको। |
| | | विगत वर्षहरू देखि २५ वर्ष समितिमा सेवा गरेका स्थायी कर्मचारीहरूलाई प्रदान गरिँदै आएको दीर्घ सेवा पदक यस वर्ष पनि कर्मचारीहरूलाई प्रदान गरिएको। |
| १८. | आधुनिक गीत प्रतियोगिता | राष्ट्रब्यापी आधुनिक गीत प्रतियोगिता २०७९ चैत्र १७ गते र शास्त्रीय संगीत सम्मेलन २०७९ चैत्र १६ गते सम्पन्न गरिएको। |
| | | रेडियो नेपालबाट वार्षिक रूपमा प्रकाशन हुने मुखपत्र झन्कार प्रकाशन गरी ७३ औ बार्षिक उत्सवको उपलक्ष्यमा भएको समारोहमा वितरण गरिएको। |
| १९. | स्वरपरीक्षा कार्यक्रम | गीत संगीत क्षेत्रमा क्रियाशिल विभिन्न विधाका २२९ जना नव प्रतिभा कलाकारहरूको स्वर परिक्षा लिने कार्य सम्पन्न गरिएको। |
| २०. | आम्दानी | विभिन्न निकायहरूको कार्यक्रम, सूचना, विज्ञापन प्रसारण र भाडा वापत रू. **१२,३५,६१,८९०।-** रकम आम्दानी भएको । |
| २१. | प्रत्यक्ष प्रसारण | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ र मिडिया कभरेज सम्बन्धी ३ दिने तालिम स्थानीय सम्बाददाता, समाचार र कार्यक्रमसँग सम्बन्धीत कर्मचारीहरूलाई २०७९ कार्तिक २२ देखि २४ गतेसम्म सम्पन्न गरिएको। |
| | | २०८०।०२।१५ गते गणतन्त्र दिवसको उपलक्ष्यमा सैनिक मञ्च टुडिखेल, काठमाण्डौंमा भएको विशेष कार्यक्रम र आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रतिनिधी सभा भवन नयाँ बानेश्वरबाट प्रत्यक्ष प्रसरण गरिएको । साथै अन्य विशेष समारोह र कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण गरिएको। |

| | | |
|---|---|---|
| २२. | रेडियो नेपालको सांगठनिक एवं दरबन्दी संरचना | रेडियो नेपालको सांगठनिक एवं दरबन्दी संरचना पूनर्गठन सम्बन्धी उपसमितिले तयार पारेको मस्यौदा खाका सञ्चालक समितिमा पेश भएको। |
| २३. | नियमावली संशोधन | रेडियो नेपाल कर्मचारी कल्याणकोष सम्बन्धी नियमावली संशोधनका लागि मस्यौदा तयार भएको। |
| २४. | बार्षिक कार्ययोजना | आगामी आ ८१/२०८० .व. का लागि रेडियो नेपालद्धारा विभिन्न प्रदेशका लागि प्रस्ताव गरिएको कार्यक्रम र योजना सम्बन्धी आर्थिक विवरण सहितको प्रस्ताव सबै प्रदेशमा पेश गरिएको। |
| | | नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट आ. व. २०८०/८१का लागि प्राप्त हुने अनुदान रकम अनुसारका कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना स्वीकृत गरी मन्त्रालयमा पठाइएको। |
| २५. | आ. व. २०८०/८१ को बजेट | आर्थिक वर्ष २०८०/८१ का लागि समितिको बार्षिक नीति, कार्यक्रम र बजेट मस्यौदा तयार पार्न गठित उपसमितिले प्रस्ताव गरे बमोजिमको प्रस्तावित बजेट सञ्चालक समितिमा पेश गरिएको। |

## २.४ यस अवधिमा सम्पादित नवप्रवर्तनीय  एवं उल्लेखनीय कार्यहरू

## २.५ बेरुजु फछ्यौंट सम्बन्धी विवरण

रू हजारमा

| क्र. सं. | २०७८/७९ सम्मको जम्मा बेरुजु लगत | चालु आ.व.मा फर्छयौंट रकम | फर्छयौंटको लागि लेखी पठाइएको | फछ्यौंट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | २११३७६।— | १५१७६।- | २८१३६।- | ७.१७ | |

## २.६ अवसर र चुनौतीहरू

नेपालमा रेडियो प्रसारणको अग्रणी संस्था  रही वर्तमानमा "राष्ट्रिय रेडियो राष्ट्रको संचार" भन्ने दुरदृष्टि बोकेको "आधुनिक नेपालको समावेशी आवाज" पनि हो रेडियो नेपाल यद्यपि यसका चुनौतीहरू पनि छन । जस अन्तर्गतः

- आवश्यकता अनुसार आम्दानी वृद्धि नहुँदा कार्यक्रमहरूलाई अपेक्षित प्रभावकारी बनाउन नसकिएको ।
- कला, साहित्य भाषा, संस्कृतिका अलावा विज्ञान प्रविधि, शिक्षा, विकास र जनसरोकारसँग सम्बन्धित राष्ट्रिय दायित्वका कार्यक्रमलाई प्रयाप्त समय दिनु पर्ने भएकाले पूर्ण व्यापारिक र प्रतिस्पर्धी हुन नसकिएको,
- वि. स. २०४१ सालमा प्रसार विभागबाट विकास समितिमा परिणत भए देखि नै आम्दानीको श्रोत सुनिश्चत हुन नसकेको कारणले चालु खर्च धान्न आर्थिक समस्या झेल्दै आउनु परेको ।
- आमसञ्चार नीति २०७३ अनुरूप सार्वजनिक प्रसारण संस्थामा रूपान्तरण हुने प्रक्रियामा रहनु ।
- प्रसारण संस्था तथा डिजिटल प्रसारण माध्यमको बृद्धिसँगै व्यापारिक प्रतिस्पर्धा गर्न चुनौती रहेको ।
- समितिको अचल सम्पत्ती जस्तै जग्गा जमिनको व्यापारिक उपयोग गर्नमा कठिनाई रहेको ।
- भौगोलिक विकटताका कारण रेडियो नेपालको प्रसारण पहुँच देशको शतप्रतिशत भू-भागमा पुर्याउन कठिनाई भएको ।

- तत्कालिन प्रसार विभागबाट पदस्थापना भएका कर्मचारीहरू अवकाश भई गएकोमा हालसम्म निजहरूको निवृत्तिभरणको दायित्व व्यहोर्नु परेको ।
- पहाडी तथा हिमाली क्षेत्रमा एफ.एम. रिले केन्द्रहरू स्थापना गर्न कठिनाई हुने गरेको साथै भएका रिले केन्द्रहरू पनि प्राकृतिक प्रकोप तथा चटयाङको जोखिममा रहेको ।
- हाल प्रसारणमा रहेका पुराना प्रविधिका प्रसारण उपकरणहरूको जगेडा पार्टपुर्जाहरू उपलब्ध हुन कठिनाई भएको ।
- सार्वजनिक खरिद ऐन र नियमावलीको विद्यमान व्यवस्था अनुरूप खरिद प्रक्रिया सञ्चालन गर्दा बोलपत्र दाताहरूबाट रितपुर्वक बोलपत्र प्राप्त हुन नसकेको कारण समयमै खरिद प्रक्रिया सम्पन्न हुन कठिनाई उत्पन्न भएको ।
- समयानुकुल र भूगोल अनुकुलको डिजिटल प्रसारण प्रविधि अवलम्बन गर्ने डिजिटल रेडियो प्रसारण सम्बन्धी नीति नबनेको कारण सो अनुकुल प्रविधि विस्तार गर्न नसकिएको ।
- स्थलगत र अनुसन्धानमा आधारित रेडियो कार्यक्रमको संख्या थप गर्न आथिक अवस्था न्यून हुनु ।
- प्रतिस्पर्धाका नाममा समाचार र जनचेतनामूलक कार्यक्रमको समयमा व्यापारिक सम्झौता गर्न नसक्नु ।
- आत्मनिर्भर हुन नसकेकाले प्रसारण सेवा विकास र विस्तारका लागि प्रयाप्त श्रोत साधन उपलब्ध नहुनु ।
- रेडियो नेपाल एक सेवामुखी सस्था भएकोले पर्याप्त आम्दानी गर्न प्रमुख चुनौती रहेको छ ।

**रेडियो नेपालसँग चुनौतीहरू मात्र होइन प्रसस्त अवसर पनि छन जस्तैः**

- सार्वजनिक प्रसारण संस्था PSB का लागि प्रयाप्त संरचना रहेको ।
- सरकारी स्वामित्व र आधिकारिकता प्राप्त अग्रणी राष्ट्रिय प्रसारण संस्था भएको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरू (ITU, ABU, AIBD, RNTC, RAPA, NHK) सँग निरन्तर सम्बन्ध रहनु ।
- संघियतालाई समेत सम्बोधन गर्न सक्ने देशव्यापी प्रसारण संरचना रहनु ।
- प्रयाप्त अचल सम्पति (जग्गा जमिन) र आधारभूत संरचना हुनु ।
- AC Nielson, BBC World Service Trust आदिको प्रतिवेदन अनुसार सुधार हुने गुन्जाईस रहनु ।
- रेडियो प्रसारणसँग सम्बन्धित प्रयाप्त श्रव्य सामग्री तथा अभिलेखहरू रहनु ।
- देशै भरिका विविध भाषाहरूमा कार्यक्रम र समाचार प्रसारण हुँदै आउँनु ।(समावेशीता)
- Media Convergence को अवधारणा उपयोग गर्न सकिने प्रचुर सम्भावना रहेको ।
- समावेसी र सम्बृद्ध राष्ट्र निर्माणको लागि राज्यले अवलम्बन गरेका नीति, सिद्दान्त, ऐन, कानुन, नियम आदिको पालना गर्न गराउन सवै निकायहरुलाई तदारुकता देखाउन प्रेरित गर्ने अवसर यस समितिलाईअभि मिले को छ। सत्य, तथ्य र सहि सूचना तथा जानकारी प्रशारण गरि श्रोतको विश्वास जित्दै जनता र सरकारको सम्बन्ध सेतु बन्ने अवसर रेडियो नेपाललाई प्राप्त भएको छ । यो संगै रेडियो प्रशारणको क्षेत्रमा समय सापेक्ष आधुनिकीकरण गर्दै अगाडी बढिरहेकोले अग्रणी सस्थाको रुपमा अगाडी बढ्ने अवसर मिलेको छ

**२.७ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू।**

चालु खर्चमा प्रयाप्त रकम अभावका कारण कर्मचारीहरूको पारिश्रमिक समेत समयमा भुक्तानी हुन नसक्दा थप निकासा माग गरि समस्या समाधान गरिएको।विगत आ.व. भन्दा यस आ.व.मा केन्द्रीय प्रसारण र प्रादेशिक प्रसारणमा विज्ञापन र प्रायोजित कार्यक्रम थप गरी समितिको आम्दानीमा वृद्धि गरिएको ।

**३. राजस्व र आय**

**३.१ प्राप्त राजस्वको वर्गिकरण र प्राप्त रकम**

रू हजारमा

| सि. नं. | राजस्वको वर्गीकरण | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १. | सेवा सुविधा, भ्याट र अन्य कर बापत | | |

### ३.२ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम

रू हजारमा

| सि. नं. | आन्तरिक आयको वर्गीकरण | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रीय प्रसारणबाट प्राप्त विज्ञापन, कार्यक्रम प्रसारण, कार्यक्रम उत्पादन, स्टुडियो शुल्क र भाडा बापत। | ८६९९१.५८ | |
| २. | प्रादेशिक प्रसारणबाट प्राप्त आम्दानी । | १२८४२.०४ | |
| | बैंक ब्याज, जग्गा भाडा र अन्य वापत | २३७२८.२६ | |
| | **जम्मा रकम प्राप्त रकम रू** | **१२३५६१.८९** | |

### ४. कर्मचारीको विवरण


### ४.१ निकायमा कार्यरत मुख्य जिम्मेवार कर्मचारीहरू र सम्पर्क नम्बर सहितको विवरण।

| क्र.सं. | कर्मचारीको नाम र पद | सम्पर्क नम्बर |
|---|---|---|
| १. | बुद्धि बहादुर के.सी., कार्यकारी निर्देशक | ९८४९२०९९११ |
| २. | खगेन्द्र खत्री, नायव कार्यकारी निर्देशक | ९८५१०२९३३२ |
| ३. | चन्द्रभुषण लाल दास, नायव कार्यकारी निर्देशक | ९८४९२१५९२२ |
| ४. | कृष्णचन्द्र पौडेल, नायव कार्यकारी निर्देशक | ९८५१२२१५६७ |
| ५. | पुष्कर राज गौतम्, निर्देशक | ९७६११३९८८२ |
| ६. | मनोज चौधरी, निर्देशक | ९८४१७४६३३३ |
| ७. | गोपाल थापा, निर्देशक | ९८४१५००५३२ |
| ८. | ई. उदयकृष्ण श्रेष्ठ, उपनिर्देशक | ९८४१२१८२२४ |
| ९. | पुरूषोत्तम मानन्धर, उपनिर्देशक | ९८५१०५२९२२ |
| १०. | पवन प्याकुरेल, उपनिर्देशक | ९८४१४१६३३१ |
| ११. | बद्रि विशाल तण्डुकार, उपनिर्देशक | ९८४१२९८११५ |
| १२. | जनार्दन विष्ट, उपनिर्देशक | ९८५१०८५४४० |
| १३. | पुष्कर बराल, उपनिर्देशक | ९८४१५९११६४ |
| १४. | तारा प्रसाद वस्ती मुख्य कार्यक्रम अधिकृत | ९८४१४३९५९७ |
| १५. | प्रमोद दाहाल, प्रमुख सम्वाददाता | ९८५११३४९१० |
| १६. | उद्दव सिंह ढाँट क्षेत्री, प्रमुख कोशी प्रदेश | ९८४३४४१५०३ |
| १७. | बलराम चौधरी, नि. प्रमुख धरान प्रसारण केन्द्र र तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर | ९८४२०३३७४८ |
| १८. | रामपुकार राम, प्रमुख मधेस प्रदेश | ९८४९५३४१३२ |
| १९. | सुरेन्द्र प्रसाद यादव, प्रमुख गण्डकी प्रदेश | ९८४२०६२६८४ |
| २०. | रोशन थापा प्रमुख भैसेपाटी प्रसारण केन्द्र | ०१-५५९०३५० |
| २१. | ई.सचिदानन्द यादव, प्रमुख खुमलटार प्रसारण केन्द्र | ९८४१०४८१४४ |
| २२. | श्रीप्रसाद चौधरी, प्रमुख लुम्बिनी प्रदेश | ०८२४०००८८ |

| | | |
|---|---|---|
| २३. | आनन्द विश्व पन्त, प्रमुख कर्णाली प्रदेश | ९८४८०४११५९ |
| २४. | सुर्यनारायण लाल कर्ण, प्रमुख सुदूर पश्चिम प्रदेश | ९८४७२९६८०८ |

५. ईन्फोग्राफिक्स तथा तस्विवरहरू

**५.१ आ.ब. २०७९/८० मा सम्पादित मुख्य कार्यहरू झल्किने तस्विर, जानकारीमूलक चार्ट, ग्राफ वृत्तचित्र आदि ।**



बिगत १० वर्षको रेडियो नेपालको प्रसारण पहुँचको तथ्याङ्क तालिका

